# गोरखा नगरपालिका कार्यालय, गोरखाको

## फोहर व्यवस्थापन सम्बन्धी प्रस्ताव आव्हानको TOR

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल




**तपसिल**

१) प्रस्तावसंगसंगै फर्म, संघ-संस्था वा कम्पनीको बैधानिकताको प्रमाणपत्रको प्रतिलिपि, संचालित व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पान वा भ्याट मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, विधानको प्रतिलिपि आदी संलग्न गर्नुपर्नेछ ।

२) दैनिक संकलित फोहरलाई कुहिने/नकुहिने र सिसाजन्य गरी विभाजन गर्ने र त्यसरी विभाजन गरी सकेपछि

क) कुहिनेको हकमाः तत्काल कम्पोष्ट मल बनाई व्यवसायीक रुपमा नै विक्रिवितरण गर्न सक्ने र दिर्घकालिन रुपमा घरघरमै कम्पोष्ट मल बनाउन सिकाई प्रयोगमा ल्याउन प्रेरित गरी घरबाटै कुहिने फोहर ननिस्कने वातावरण बनाउने कुरा उल्लेख भएको हुनु पर्ने छ ।

ख) नकुहिनेको हकमाः तत्काल पूर्नःप्रयोगमा आउने खालका सामानहरु विक्रिवितरण गर्न सक्ने र दिर्घकालिन रुपमा घरमै छुट्टाएको नकुहिने फोहर सम्बन्धित घरबाट खरिद गरी संकलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा विक्रि वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने खालको कुरा उल्लेख भएको हुनु पर्ने छ ।

ग) यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाईसके पछि पनि कतै प्रयोग नहुने केही बांकी फोहरलाई नगरपालिकाले तोकेको क्षेत्र सरसफाई केन्द्र वा साईड वा प्रस्तावकले तोकेको क्षेत्रमा समेत लगि वातावरण नखलवलिने गरी व्यवस्थापन गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्ने छ ।

३) प्रस्तावकको प्रस्तावलाई सहयोग पुग्ने गरी हाल नगरपालिकाले फोहर व्यवस्थापन गर्न प्रयोग गर्दै आएको निम्न बमोजिमको आर्थिक तथा भौतिक स्रोतसाधनहरु मात्र प्रयोग गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्ने छ ।

क) गोरखा गरपालिका वडा नं.८ मा रहेको गैरावारी महिला सामुदायिक बनको जग्गामा फोहर संकलन/ प्रशोधन केन्द्रको लागि प्रयोग गर्न सक्ने छ ।

ख) हाल नगरपालिकामा रहेका र फोहर मैला व्यवस्थापनको लागि प्रयोग भएका स्रोत साधनहरु ट्याक्टर –१, टिप्पर-१, सवारी चालक–२ स्वीपर-३, कुचीकार -४ नगरपालिकाले उपलब्ध

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गराउन सक्ने र उल्लेखित स्रोत साधनहरुको परिक्षणकाल अवधि भरिको मर्मत संभार, ईन्धन खर्च र पारिश्रमिक नगरपालिका र प्रस्तावक बीच हुने शम्झौता अनुसार हुने छ ।

ग) सुरुमा फोहर व्यवस्थापन गर्न केहि आर्थिक सहयोग पनि आवश्यक पर्ने हुदा न्यूनतम पूर्वाधार तयार गर्न जनचेतना जगाउन, तालिम संचालन गर्न र अन्य आवश्यक कार्य गर्न नगरपालिकाले कार्यक्रम हेरी एक मुष्ट वा किस्तावन्दीमा केही आर्थिक रकम सहयोग स्वरुप उपलब्ध गराउन सक्ने छ।

४) दफा ३ मा उल्लेखित स्रोतसाधन बाहेक न.पा.ले. अन्य कुनै पनि आर्थिक तथा भौतिक स्रोत साधनहरु उपलब्ध गराउने छैन । साथै प्रस्तावकले परिक्षणकाल पछि आफैले आम्दानी तथा खर्चको व्यस्थापन गर्न सक्ने खालको हुनु पर्ने छ ।

५) प्रस्तावकले फोहर व्यवस्थापन गर्दा विक्रि वितरणबाट गरेको आम्दानीको परिक्षणकाल पछि न.पा. र प्रस्तावक बीच हुने सम्झौता बमोजिम राजस्व नगरपालिकालाई बुझाउनु पर्नेछ ।

६) फोहर मैला व्यवस्थापन वापत घरघरबाट न.पा.ले उठाउने भनि गरेको प्रास्ताव बमोजिमको फोहरमैला व्यवस्थापन शुल्क प्रस्तावकले उठाउन पाउने छ ।

७) प्रस्ताव कार्यान्वयनको सिमा अवधी बढीमा ५ (पाँच) वर्षको हुन सक्ने छ , शुरुमा १ (एक) वर्षको परिक्षण काल हुने छ ۰। त्यसपछि पनि नगरपालिकालाई उपर्युक्त लागेमा आवश्यकता अनुसारको म्याद थप गर्दै जान सक्नेछ।

८) फोहर संकलन केन्द्रसम्म जाने पूर्वाधार एवं आवश्यक अन्य निर्माण, मर्मत-संभार नगरपालिकाले गर्नु पर्ने तर फोहरमैला संकलन केन्द्र भित्र आवश्यकता अनुसारको संरचना निर्माण एवं मर्मत संभार प्रस्तावकले नै गर्नु पर्ने छ ।

९) उल्लेखित बमोजिमका प्रावधानहरुका अतिरिक्त समाजमा थप रोजगार सृजना गर्न सक्ने, व्यवसायिकता हासिल गर्न सक्ने, स्थानीय तहमै काम गरि रहेको र वातावरण क्षेत्रमा विशेष कार्य अनुभव भएका प्रस्तावकलाई विशेष प्राथमिकता दिन सकिने ।

१०) फोहर व्यवस्थापन सन्दर्भमा कुनै समस्या/विवाद उत्पन्न भएमा प्रस्तावक र न.पा. छुट्टा छुट्टै वा संयूक्त रुपमा मिलेर समस्याको समाधन गर्ने व्यहोरा उल्लेख भएको हुनुपर्ने ।

११) फोहरमैला संकलन/प्रशोधन केन्द्रको लागि नगरपालिकाले तोकेको जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन । तर प्रस्तावक नगरपालिकाको अनुमतिमा आफैले जग्गा व्यवस्थापन गरी पायक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा नगरपालिकाको स्वीकृती लिई त्यो गर्न सक्ने। त्यसरी प्रयोग गरेबाट आउन सक्ने समस्याको जवाफदेही भने स्वंम प्रस्तावक नै हुने कुरा समेत उल्लेख भएको हनु पर्ने । आवश्यक परेमा नगरपालिकाले त्यस्तोमा गर्न सक्ने छ ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१२) फोहरमैला संकलन तथा व्यवस्थापन सम्बन्धमा न.पाको बजारी क्षेत्रहरुमा दैनिक रुपमा र अन्य क्षेत्रको हकमा बढीमा दुई दिनमा अनिवार्य रुपमा फोहोरमैला संकलन गर्नुपर्ने । बजारी क्षेत्रहरुमा सवारी आवागमनमा समस्या नपर्ने गरी विहानको समयमा जति सक्दो चाँडो फोहोरमैला संकलन गरिसक्नु पर्नेछ । यस कार्यको लागि आवश्यक पर्ने सवारी साधनको संख्या, आवश्यक पर्ने ट्रीपर र जनशक्ति प्रस्तावक आँफैले मिलाउनु पर्नेछ ।

१३) फोहोरमैला व्यवस्थापनको लागि व्यवस्थापन समिति, अनुगमन समिति र विज्ञ प्रस्तावक आँफैले व्यवस्थापन गर्नुपर्ने छ ।

१४) उक्त कार्यको लागि आवश्यक पर्ने विज्ञको हकमा वातावरण विज्ञान वा सो सरह अध्ययन गरेको र कम्तिमा स्नातक गरी कम्तिमा २ वर्षको कार्यानुभव भएको हुनुपर्ने छ र अन्यको हकमा फोहोरमैला सम्बन्धि कार्य गरेको हुनुपर्ने छ ।

१३) स्वीकृत प्रस्तावकसंग सम्झौता गरेपछि सम्झौतामा उल्लेखित भएको कुरा सोही अनुसार र सम्झौतामा उल्लेख नभएका कूरा प्रचलित ऐन कानून अनुसार हुने कुरा उल्लेख भएको हुनु पर्ने छ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner